# विहादी गाउँपालिका

## स्थानीय राजपत्र



| | | |
|---|---|---|
| खण्ड ५ | संख्या ७ | मिति २०७८।११।२७ |



# भाग १

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

### संवत २०७८ सालको ऐन संख्या २ (विहादी गाउँपालिकाको आर्थिक ऐन, २०७८) मा संशोधन

नेपालको संविधानको धारा २२८ को उपधारा (१) को अधिकार प्रयोग गरि विहादी गाउँपालिकाको आर्थिक ऐन, २०७८ मा मिति २०७८।११।१८ गतेको गाउँसभावाट संशोधन गरिएको सूचना विहादी गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि, २०७५ बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# विहादी गाउँपालिकाको आर्थिक ऐन, २०७८ मा संशोधन

गाउँसभाबाट पारित मिति : २०७८।११।१८

**प्रस्तावना :**

विहादी गाउँपालिकाको आर्थिक वर्ष २०७८।८९ को सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको घारा २२८ को उपधारा (२) बमोजिम विहादी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (क) यस ऐनको नाम "आर्थिक ऐन,२०७८" रहेको छ ।

(ख) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि विहादी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. भूमि कर (मालपोत) : गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. घरकर : गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम घर कर लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. वहाल विटौरी कर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (४) बमोजिम घर जग्गा वहाल विटौरी कर लगाइने र असूल गरिनेछ ।

६. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि अनुसूचि (५) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

७. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. सेवाशुल्क,दस्तुरः (क) गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ७ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(ख) ल्याव परीक्षण शुल्क र एम्बुलेन्स सेवा शुल्क गाउँ कार्यपालिकाले बनाएको कार्यविधि बमोजिम निर्धारण हुनेछ।

९. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई गाउँ सभाको निर्णय विना कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

११. दण्ड जरिवाना :नदिजन्य पदार्थको संकलन, उत्खनन्, बेचविखन तथा कर संकलन सम्बन्धि दण्ड जरिवाना अनुसूचि ८ बमोजिम हुनेछ ।

अनुसूचि १

दफा २ सँग सम्बन्धित

**मालपोत वा भूमिकर**

| सि.नं. | वर्ग | न्यूनतम ५ रोपनी सम्मको रकम | | थप प्रति रोपनी रकम | |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | खत | पाखो |
| १ | अब्बल | रु ६० | रु ५० | रु २० | रु १६ |
| २ | दोयम | रु ५० | रु ४० | रु १५ | रु १२ |
| ३ | सिम | रु ४० | रु ३० | रु १० | रु ८ |
| ४ | चाहार | रु ३० | रु २० | रु ५ | रु ४ |

अनुसूचि २

दफा ३ सँग सम्बन्धित

**घर कर वर्गिकरण**

| क्र.स. | घरको किसिम | आ.व. २०७८।७९ का लागि अनुमानित दर | |
|---|---|---|---|
| | | आवसिय प्रयोजन | व्यवसायिक प्रयोजन |
| १ | ढुंगामाटोको जोडाई खरको छाप्रो | ४० | |
| २ | ढुंगा माटोको जोडाई २/३ तले खरको छानो भएको घर | ६० | |
| ३ | ढुंगामाटोको जोडाई टिनको छाप्रो | ८० | २०० |
| ४ | ढुंगा माटोको जोडाई २/३ तले टिन वा ढुंगाको छानो भएको वारतली सहितको घर | १२० | ३०० |
| ५ | ढुंगा माटो सहितको सिमेन्टले प्लाष्टर गरेको घर | १६० | ३२० |
| ६ | पिलर विम सहितको टिनले छाएको विना ढलानको घर | २०० | ४०० |
| ७ | पिलर र विम सहितको ढलान गरिएको घर | ४०० | ६०० |
| ८ | | | |

अनुसुची ३

दफा ४ सँग सम्बन्धित

**घर बहाल कर**

१. घर बहाल रकमको १० प्रतिशत

अनुसूची ४

दफा ५ सँग सम्बन्धित

**बहाल विटौरी कर**

१. बहाल विटौरी कर बहाल रकमको १० प्रतिशत

अनुसूची ५

दफा ६ सँग सम्बन्धित

**व्यवसाय कर**

**व्यवसाय दर्ता**

| क्र.स. | पूँजिगत लगानी | व्यवसाय दर्ता शुल्क | कृषि फर्म दर्ता शुल्क |
|---|---|---|---|
| १ | रु १०००००० सम्म | ३००/- | १००/- |
| २ | रु १ लाख देखि ३ लाख सम्म | ५००/- | ३००/- |
| ३ | रु ३ लाख देखि ७ साल सम्म | ७००/- | ५००/- |
| ४ | रु ७ लाख देखि माथी | १५००/- | ८००/- |
| ५ | केबल टि.भि. सञ्चालन अनुमति | १०००/- | - |
| ६ | एफ एम रेडियो सञ्चालन अनुमति | १०००/- | - |
| ७ | इन्टरनेट सेवा प्रदायक संस्था अनुमति | १०००/- | - |
| ८ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र | ५०००/- | - |
| ९ | बहुउद्देश्यीय सहकारी संस्था (ऋण, बचत) दर्ता | १००००/- | - |
| १० | कृषि सहकारी संस्था दर्ता | १००००/- | - |

**व्यवसाय नविकरण**

| क्र.स. | व्यवसायको विवरण | नविकरण शुल्क रु (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १ | ज्वेलरी सुन चाँदी पसल | ५००/- | |
| २ | मदिराजन्य पसल | २०००/- | |
| ३ | सूच चाँदी जलप लगायतका गरगहना वेचविखन | ५००/- | |
| ४ | भिडियो क्यामेरा | २००/- | |
| ५ | इलेक्ट्रिक सामानको पसल (घडी, रेडियो, टि.भी. मोवाइल मर्मत) | २००/- | |
| ६ | भाँडा पसल | २००/- | |
| ७ | हार्डवयर पसल | ५००/- | |
| ८ | इन्धन विक्रि पसल | ५००/- | |
| ९ | फर्निचर पसल | १०००/- | |
| १० | एउटै छानामुनी सवै सामान बेच्ने जनरल स्टोर्स | २५००/- | |
| ११ | होलसेल विक्रेता | २५००/- | |
| १२ | डिलर | २०००/- | |
| १३ | सव-डिलर | १५००/- | |
| १४ | डिपार्टमेन्ट स्टोर्स | २५००/- | |
| १५ | मिनी मार्ट (सानो डिपार्टमेन्ट स्टोर्स) | १५००/- | |
| १६ | खाद्यान्न किराना पसल थोक विक्रेता | १०००/- | |
| १७ | खाद्यान्न किराना पसल खुद्रा विक्रेता | ५००/- | |
| १८ | फलफुल/ तरकारी पसल | २००/- | |
| १९ | चिया खाजा पसल | २००/- | |

| | | | | |
|---|---|---|---|---|
| २० | गेष्टहाउस | ५००/- | | |
| २१ | होम स्टे | २०००/- | | |
| २२ | स्टेशनरी पसल | ५००/- | | |
| २३ | वित्तीय बैंक नेपाल सरकारको स्वामित्व बाहेक | १०००/- | | |
| २४ | फाइनान्स तथा लघुवित्त | १०००/- | | |
| २५ | बहुउद्देश्यीय सहकारी संस्था (ऋण, बचत) | **संस्थाको कुल पुँजि** | **नविकरण शुल्क (प्रति लाख)** | |
| | | ५० लाख सम्म | रु ७५/- | |
| | | ५० लाख देखि १ करोड सम्म | रु १००/- | |
| | | १ करोड देखि २ करोड सम्म | रु २००/- | |
| | | २ करोड माथि | रु ३००/- | |
| २६ | कृषि सहकारी संस्था | **संस्थाको कुल पुँजि** | **नविकरण शुल्क (प्रति लाख)** | |
| | | ५० लाख सम्म | रु ३५/- | |
| | | ५० लाख देखि १ करोड सम्म | रु ५०/- | |
| | | १ करोड देखि २ करोड सम्म | रु १००/- | |
| | | २ करोड माथि | रु १५०/- | |
| २७ | औषधि पसल | १०००/- | | |
| २८ | निजी क्षेत्रका विद्यालय | माध्यमिक विद्यालय रु १०००/-<br>आधारभूत विद्यालय रु ५००/- | | |
| २९ | कम्प्यूटर प्रशिक्षण/ ईन्स्टिच्यूट | ५००/- | | |
| ३० | व्यूटिपार्लर | २००/- | | |
| ३१ | सवारी साधन मर्मत | १०००/- | | |
| ३२ | फोटो स्टुडियो | १००/- | | |
| ३३ | गैर सरकारी संस्था | ५००/- | | |
| ३४ | अन्तराष्ट्रिय गैर सरकारी संस्था | १०००/- | | |
| ३५ | ठेक्का पट्टा व्यक्तिगत | १० लाख भन्दा तल रु २००/-<br>१० लाख भन्दा माथी रु ५००/- | | |
| ३६ | केबल टि.भी सेवा प्रदायक | ८००/- | | |
| ३७ | एफ एम रेडियो | १०००/- | | |
| ३८ | इन्टरनेट सेवा प्रदायक | १०००/- | | |
| ३९ | घ वर्गको ईजाजतपत्र (ठेक्कापट्टा) | ३०००/- | | |
| ४० | मासु पसल | ५००/- | | |
| ४१ | पिकनिक पार्क / स्पोर्ट | १००/- | | |

<table>
<tr><td rowspan="3">४२</td><td rowspan="3">घुम्तीपसल सञ्चालन अनुमति</td><td></td><td>स्थानीय व्यक्ति</td><td>बाह्य व्यक्ति</td><td rowspan="3"></td></tr>
<tr><td>प्रतिहप्ता</td><td>१००</td><td>२००</td></tr>
<tr><td>प्रतिमहिना</td><td>३००</td><td>६००</td></tr>
<tr><td>४३</td><td>कपडा पसल</td><td colspan="3">५००/-</td><td></td></tr>
<tr><td>४४</td><td>सूचीकार / टेलर्स</td><td colspan="3">१००/-</td><td></td></tr>
<tr><td>४५</td><td>जुता सिउने पसल</td><td colspan="3">५०/-</td><td></td></tr>
<tr><td>४६</td><td>राइस मिल कुटनी पिसानी</td><td colspan="3">सानो २००/-<br>ठूलो ५००/-</td><td></td></tr>
<tr><td>४७</td><td>तोरी मिल</td><td colspan="3">५००/-</td><td></td></tr>
<tr><td>४८</td><td>ज्योतिष पसल</td><td colspan="3">५००/-</td><td></td></tr>
<tr><td>४९</td><td>कृषि तथा पशुपञ्क्षी फर्म</td><td colspan="3">१००/-</td><td></td></tr>
<tr><td>५०</td><td>पोल्ट्रि फर्म</td><td colspan="3">२००/-</td><td></td></tr>
<tr><td>५१</td><td>होटल व्यवसाय</td><td colspan="3">५००/-</td><td></td></tr>
</table>

अनुसूची ६
दफा ७ सँग सम्बन्धित

**विज्ञापन कर**

| सि.नं. | विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| १ | गाडिमा सामान बोकी विज्ञापन गर्ने | १००/- प्रतिपटक | |
| २ | स्टल राखी विज्ञापन गर्ने | १०/- प्रतिदिन | |
| ३ | कन्सर्ट | २००/- प्रतिपटक | |
| ४ | तुल व्यानर राखी विज्ञापन गर्ने | २००/- प्रतिपटक | |

अनुसूचि ७
दफा ८ सँग सम्बन्धित

**सेवा शुल्क, दस्तुर**

| सि.नं. | विवरण | दररेट/ सेवा शुल्क/ दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | २००/- | |
| २ | मोही लगत कट्टा सिफारिस | २००/- | |
| ३ | घर कायम सिफारिस | २००/- | |
| ४ | छात्रवृत्ति सिफारिस | निशुल्क | |
| ५ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | निशुल्क | |
| ६ | अपांग सिफारिस | निशुल्क | |
| ७ | अस्थायी बसोबास सिफारिस | १००/- | |
| ८ | स्थायी बसोवास सिफारिस | २००/- | |
| ९ | नागरिकता र प्रतिलिपि सिफारिस | १००/१००/- | |
| १० | अंगिकृत नागरिकता सिफारिस | ५००/- | |
| ११ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निशुल्क | |

| | | | |
|---|---|---|---|
| १२ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १०००/- | |
| १३ | विद्युत जडान सिफारिस | २००/- | |
| १४ | धारा जडान सिफारिस | २००/- | |
| १५ | जिवित रहेको सिफारिस | १००/- | |
| १६ | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस / फरक जन्ममिति संशोधन सिफारिस | २००/- | |
| १७ | जग्गा मुल्यांकन सिफारिस र प्रमाणित | ५००/- | |
| १८ | व्यवसाय बन्द सिफारिस | १००/- | |
| १९ | व्यवसाय सञ्चालन नभएको सिफारिस | १००/- | |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | १००/- | |
| २१ | कोट फी मिनाहा सिफारिस | निशुल्क | |
| २२ | नावालक परिचयपत्र सिफारिस | १००/- | |
| २३ | चौपाय सम्बन्धी सिफारिस | १००/- | |
| २४ | व्यवसाय दर्ता सिफारिस | ३००/- | |
| २५ | उद्योग ठाउँसारी सिफारिस | ३०००/- | |
| २६ | विद्यालय ठाउँसारी सिफारिस | १०००/- | |
| २७ | व्यक्तिगत विवरण सिफारिस | १००/- | |
| २८ | जग्गा दर्ता सिफारिस | २००/- | |
| २९ | संरक्षक सिफारिस (व्यक्तिगत) | १००/- | |
| ३० | संरक्षक सिफारिस (संस्थागत) | १००/- | |
| ३१ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | निशुल्क | |
| ३२ | जिवित सँगको नाता प्रमाणित | १००/- | |
| ३३ | मृतक सँगको नाता प्रमाणित | १००/- | |
| ३४ | कोठा खोल्ने कार्य / रोहवरमा वस्ने कार्य | १५०/- | |
| ३५ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | |
| ३६ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठार्ने कार्य | निशुल्क | |
| ३७ | संस्था दर्ता सिफारिस | २००/- | |
| ३८ | घरबाटो प्रमाणित | २००/- | |
| ३९ | चार किल्ला प्रमाणित | २००/- | |
| ४० | जन्म मिति प्रमाणित | १००/- | |
| ४१ | विवाह प्रमाणित | १००/- | |
| ४२ | कागज मञ्जुरीनामा प्रमाणित | १००/- | |
| ४३ | हकवाला वा हकदार प्रमाणित | १००/- | |
| ४४ | अविवाहित प्रमाणित | १००/- | |
| ४५ | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | २००/- | |
| ४६ | जग्गाधनी पूर्जा हराएको सिफारिस | १००/- | |

| | | | |
|---|---|---|---|
| ४७ | पूर्जामा घर कायम गर्ने सिफारिस | २००/- | |
| ४८ | अंग्रेजी सिफारिस तथा प्रमाणित | २००/- प्रति पेज | |
| ४९ | मिलापत्र कागज / उजुरी दर्ता | १००/- | |
| ५० | पक्का घरको सर्जमिन वापत | ५००/- | |
| ५१ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | ५००/- | |
| ५२ | अचल सम्पत्ति मुल्यांकन | अचल सम्पत्तिको ०.१० प्रतिशत | |
| ५३ | रकम कलम बढाईदिएवापत | ५ प्रतिशत | |
| ५४ | कक्षा ८ को ग्रेड सिट सच्याउन | २००/- | |
| ५५ | कक्षा ८ को परीक्षा शुल्क (संस्थागत विद्यालय) | प्रति विद्यार्थी रु ३००/- | |
| ५६ | खानेपानी तथा सरसफाई उपभोक्ता समिति मुहान सहित | दर्ता शुल्क रु ५००/-<br>नविकरण शुल्क रु २००/- | |
| ५७ | घर नक्सा पास दस्तुर (पक्की घर) | पहिलो तल्ला सम्म प्रति वर्ग फिट रु २/-<br>सो भन्दा माथि प्रति तल्ला प्रति वर्ग फिट रु १ का दरले थप हुँदै जाने । | |
| ५८ | घर नक्सा पास दस्तुर (कच्ची घर) | प्रति वर्ग फिट रु १/- | |
| ५९ | भवन निर्माण सम्पन्न प्रमाणपत्र | ५००/- | |
| ६० | भवन अभिलेखिकरण निवेदन दस्तुर | ५००/- | |
| ६१ | भवन अभिलेखिकरण प्रमाणपत्र | १०००/- | |
| ६२ | घर नक्सा पास निवेदन फारम दस्तुर | ५००/- | |
| ६३ | माथि उल्लेखित बाहेक अन्य | सिफारिस रु १००/-<br>प्रमाणित रु २००/-<br>संशोधन रु २००/- | |

अनुसूची ८

दफा ११ सँग सम्बन्धित

**दण्ड जरिवाना**

| सि.नं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, बालुवा, (दहत्तर बहत्तर) को गैरकानुनी चोरी निकासीमा जरिवाना | प्रथम पटकको लागि रु : ५०००<br>दोश्रो पटकको लागि : १००००<br>तेश्रो पटकको लागि : २०००० | प्रति टिप |
| २ | तेश्रो पटक भन्दा पनि बढी भएमा | कार्यपालिकाको निर्णयानुसार | |

पुनश्च : माथि उल्लेख भएका बाहेक अन्य व्यावसायिक तथा अन्य क्षेत्रहरुमा कर तथा दस्तुर तोक्नुपर्ने संघीय कानुन र प्रदेश कानुनसँग नबाझिने गरि गाउँ कार्यपालिकाको वैठकले निर्णय गरी गाउँ सभाबाट अनुमोदन गराउने गरि दर बनाई लागुगर्न सिफारिस गरिएको छ ।

आज्ञाले

ध्रुव दयाल

प्रमुम प्रशासकीय अधिकृत